आज मिति २०८३ साल साउन २६ गते मंगलबारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगर प्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम ७४औं बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | साबित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री अमृत कुमार धिताल | | |
| २४ | | | | | |
| २५ | | | | | |
| २६ | | | | | |
| | | | | | |

**२०८३/०४/२६ गतेको नगर कार्यपालिकाको ७४औं बैठकको एजेन्डाहरू**

१. मिति २०८३/०३/२६ गतेको नगर कार्यपालिकाको ७३औं बैठकको समिक्षा सम्बन्धमा।

२. आ.व.२०८२/८३ को कार्यप्रगति तथा वार्षिक प्रगति समिक्षा सम्बन्धमा ।

३. भूमि प्रशासन संचालनका लागि आवश्यक जनशक्ति तथा नगरपालिकाको अन्य रिक्त दरवन्दीमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धमा।

४. मण्डनदेउपुर नगरपालिकाको भवन नक्सापास, अभिलेखीकरण तथा भवन नियमित गर्ने सम्बन्धी कार्यविधि, २०८३ पेश गर्ने सम्बन्धमा ।

५. आर्थिक सहयाता सम्बन्धमा।

६. काभ्रे भू.पू. सैनिक सेक्यूरिटी सप्लायर्स मार्फत कार्यरत सुरक्षा गार्डहरुको पारिश्रमिक सम्बन्धमा ।

७. बेरुजु फछ्यौट/ सम्परिक्षण सम्बन्धमा ।

८. मण्डनदेउपुर नगरपालिकामा रहेको स्काभेटर मर्मत गरि संचालन गर्ने सम्बन्धमा

९. कार्यरत अवस्थामा मृत्यू भएका विद्यालयका शिक्षक कर्मचारीको आर्थिक सहायता सम्बन्धमा।

१०. मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा बैक काउन्टर संचालन गर्ने सम्बन्धमा।

११. मण्डनदेउपुर नगरपालिका वडा नं. ३ स्थित ठुलीचौरको जगंगा नाप जाँच सम्बन्धमा

१२. विविध

निर्णय नं. १

मिति २०८३/०३/२६ गते बसेको कार्यपालिकाको ७३औं बैठकको तपसिल बमोजिमको निर्णयहरु समिक्षा गरियो।

| निर्णय नं. | प्रमाणित निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | योजनाहरुको भुक्तानी अनुमोदन सम्बन्धमा। | कार्यान्वयन भइसकेको | |
| २ | बाँकी योजनाहरुको म्याद थप तथा श्रोत व्यवस्थापन सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| ३ | बयरबोट ओखलढुंगा सडकको भेरिएसन आदेश (VO) अनुमोदन सम्बन्धमा। | कार्यान्वयन भइसकेको | |
| ४ | सुरक्षा गार्डको म्याद थप सम्बन्धमा। | कार्यान्वयनको चरणमा | |
| ५ | दहत्तर बहत्तरको ठेक्का सम्बन्धमा। | कार्यान्वयन भइसकेको | |
| ६ | जि.स.स. अनुदान सम्बन्धमा। | कार्यान्वयन भइसकेको | |
| ७ | असाधारण विदा रद्द सम्बन्धमा। | कार्यान्वयन भइसकेको | |
| ८ | जिल्ला प्रशासन कार्यालयको परिपत्र सम्बन्धमा। | कार्यान्वयन भइसकेको | |
| ९ | नगरकोट क्षेत्रको सार्वजनिक संरचनाहरुको संरक्षण तथा सरसफाइ सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| १० | विविध:<br>गेरुवा खोल्साले ओगटेको सार्वजनिक जग्गा रेखाङ्कन गर्ने सम्बन्धमा । | कार्यान्वयनको चरणमा रहेको | |

निर्णय नं. २

आ.व.२०८२/८३ मा सम्पन्न योजना तथा कार्यक्रमको कार्यप्रगति र वार्षिक प्रगति समिक्षा २०८३ साल भाद्र २५ गते जनप्रतिनिधि तथा कर्मचारीको उपस्तिथिमा गर्ने तथा समीक्षा पश्चात २०८३ साल असोज ७ गते राजनितिक दलको प्रतिनिधि, सरोकारवालहरु तथा सम्बन्धित पक्ष समेतको सहभागितामा सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

मण्डनदेउपुर नगरपालिकामा भूमि प्रशासन संचालनका लागि आवश्यक जनशक्ति तथा नगरपालिकामा रिक्त रहेको अन्य दरवन्दीमा देहाय बमोजिम कर्मचारी पदपुर्ति गर्ने निर्णय गरियो।

| क्र.स. | पद/तह | संख्या | कै |
|---|---|---|---|
| १ | नापी अधिकृत/अधिकृतस्तर सातौं | १ | |
| २ | कृषि स्नातक/ अधिकृतस्तर छैठौं | १ | |
| ३ | सर्वेक्षक/सहायकस्तर पाँचौं | २ | |
| ४ | नायव पशु सेवा प्राविधिक | ३ | |
| ५ | खा.पा.स.टे/सहायकस्तर चौथो | १ | |
| ६ | ईलेक्ट्रिसियन | १ | |
| ७ | अ.न.मी चौथो | २ | |
| ८ | अ.हे.व. चौथो | ३ | |

तपसिल

निर्णय नं. ४

मण्डनदेउपुर नगरपालिकाको भवन नक्सापास, अभिलेखीकरण तथा भवन नियमित गर्ने सम्बन्धी कार्यविधि, २०८३, नगरकार्यपालिकामा छलफलका लागि पेश गरियो । साथै उक्त कार्यविधि विस्तृत अध्ययन गरी आवश्यक राय सुझाव सहित आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

५.१. मण्डनदेउपुर वडा नं. ९ निवासी श्री कुमार श्रेष्ठ (संस्थापक वडा सदस्य वडा नं. ९) लाई रु १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार) आर्थिक सहयाता उपलब्ध गराउने निर्णय गरियो।

५.२. मण्डनदेउपुर नगरपालिका वडा नं. १० निवासी क्यान्सर रोगि मरिचे दमाई २०,०००/- (अक्षरेपी विस हजार रुपैया) मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

५.३. मण्डनदेउपुर नगरपालिका वडा नं. ४ निवासी निरमाया तामाङको छोरा जलनबाट पडित भई उपचार गराईरहेको र निजको आर्थिक अवस्था समेत कमजोर रहेकोले उपचारका लागि रु २०,०००/- (अक्षरेपी विस हजार रुपैया) मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६

काभ्रे भू.पू. सैनिक सेक्यूरिटी सप्लायर्स मार्फत कार्यरत सुरक्षा गार्डहरुको पारिश्रमिक २५ प्रतिशत वृद्धि गरी काभ्रे भू.पू. सैनिक सेक्यूरिटी सप्लायर्स संग २०८४ असार मसान्तसम्मका लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

बेरुजु फछ्र्यौट तथा सम्परीक्षण कार्यलाई प्रभावकारी रूपमा अघि बढाउने उद्देश्यले २०८३ साल भाद्र ३ गते उपभोक्ता समितिका ३ नै जना पदाधिकारी (अध्यक्ष,सचिव र कोषाध्यक्ष) निर्माण व्यवसायीहरू तथा राजनितिक दलका प्रमुख/प्रतिनिधिहरुसंग छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. ८

मण्डनदेउपुर नगरपालिकामा रहेको स्काभेटर मर्मतका लागि सडक विभाग अन्तरगतको हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ९

कार्यरत अवस्थामा मृत्यू भएका विद्यालयका तपसिल बमोजिमका शिक्षक कर्मचारीको पारिवारिक वृत्तिका लागि देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | नाम/थर | पद | स्वर्गारोहण भएको मिति | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | सुवद्रा सापकोटा | प्रा.शि. (स्थायी) | २०८२/०८/२० | २,००,०००/- (अक्षरेपी दुई लाखं) |
| २ | सुर्य लामा | प्रा.शि. (राहत) | २०८३/०२/२० | ३,००,०००/- (अक्षरेपी तिन लाख) |
| ३ | सुनिता ढकाल | प्रा.शि. (राहत) | २०८३/०४/०८ | ३,००,०००/- (अक्षरेपी तिन लाख) |

निर्णय नं. १०

नगरपालिकाबाट नागरिकलाई प्रदान गरिने सेवालाई थप सहज, सरल तथा प्रभावकारी बनाउने उद्देश्यले मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट सञ्चालन गर्न लागिएको भूमि प्रशासन सम्बन्धी कार्यलाई व्यवस्थित तथा सेवाग्राही मैत्री बनाउन कार्यालय परिसरमै बैंकिङ सेवा उपलब्ध गराउन आवश्यक देखिएकाले मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा बैंक काउन्टर सञ्चालनको व्यवस्था मिलाउन ग्लोबल आइएमई बैंक लिमिटेडलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

मण्डनदेउपुर नगरपालिका वडा नं. ३ स्थित ठुलीचौरको सरकारी तथा सार्वजनिक जग्गा नाप जाँच गरी व्यवस्थित गर्ने तथा सरकारी तथा सार्वजनिक जग्गा नाप जाँचको लागि आवश्यक नक्सा, पुर्जा लगायतका कागजात नापी/मालपोत कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलसँग माग गर्न वडा नं. ३ को वडा अध्यक्ष श्री पुरुषोत्तम बजगाई र नगरपालिकामा कार्यरत अमिन श्री प्रदिप मगरातीलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. १२ विविध

१२.१. मण्डनदेउपुर आधाभूत अस्पतालको आर्थिक प्रशासनलाई व्यवस्थित गर्न नेपाल सरकारद्वारा सञ्चालित स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) सञ्चालन गर्ने निर्णय गरियो। मण्डनदेउपुर आधाभूत अस्पतालको नाममा रहेको खाता मण्डनदेउपुर आधाभूत अस्पताल प्रमुख तथा मण्डनदेउपुर नगरपालिकाको आर्थिक प्रशासन शाखामा कार्यरत वरिष्ठ लेखा सहायक पाँचौ श्री भेषराज पराजुलीको संयुक्त दस्तखतमा सञ्चालन गर्ने निर्णय गरियो।

१२.२. मण्डनदेउपुर नगरपालिकाको विपद् व्यवस्थापन समितिको बैठक मिति २०८३ भाद्र ३ गते आवह्वान गर्ने निर्णय गरियो।

१२.३. नगरपालिकाबाट उपलब्ध गराइएको अनुदानको प्रभावकारी उपयोग तथा कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। पहिलो चरणमा नगरकोट सञ्चार केन्द्र तथा रेडियो नगरकोटलाई उपलब्ध गराइएको अनुदानको नगर उप-प्रमुखज्यूबाट अनुगमन गरी सोको प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

१२.४. नगरपालिकाको मुख्य वजार क्षेत्र सिपाघाट, कुन्तावेशी तथा नगरकोटमा संचालित होटल पसल लगायतका व्यवसायहरुको नगर उप-प्रमुखज्यूको संयोजकत्वमा अनुगमन गर्ने निर्णय गरियो ।

१२.५. मण्डनदेउपुर नगरपालिकाबाट निकासा हुने कवाडी करको न्यूनतम मुल्याँकन रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैया) कायम राखी वढाबढमा ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

१२.६. मण्डनदेउपुर नगरपालिकाका लागि आवश्यक थप जना-५ नगरप्रहरी भर्ना गर्ने निर्णय गरियो।